गण्डकी प्रदेश सरकार

# भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

पोखरा, नेपाल

मितिः२०८२/०३/२५

सूचना नं.: ०२/०८१/८२

## गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ बमोजिम तहवृद्धि गर्ने सम्बन्धी सूचना।

गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा २८ को व्यवस्था बमोजिमका न्यूनतम योग्यता र सेवा अवधि पूरा गरेका इच्छुक निजामती कर्मचारीहरुले मन्त्रालयको वेवसाइट mopid.gandaki.gov.np मा राखिएको तहवृद्धिको आवेदन फारम डाउनलोड गरी फाराममा उल्लेखित विवरण खुलाई दुई प्रति नेपाली कागजमा प्रिन्ट गरी आफू कार्यरत कार्यालयको कार्यालय प्रमुखबाट प्रमाणित गराई मिति २०८२/०३/३२ गतेभित्र यस मन्त्रालयको कर्मचारी प्रशासन शाखामा बुझाउनु हुन अनुरोध गरिन्छ। म्याद नाघी प्राप्त हुन आएका, अपुरो विवरण भरी पेश भएका र तोकिए बमोजिमका कागजात संलग्न नभएका आवेदकलाई तहवृद्धिको प्रक्रियामा सामेल नगराइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

- अधिकृतस्तर छैटौं, आठौं र दशौं तहको पदमा हुने तहवृद्धिका लागि हालको तहमा पाँच वर्ष सेवा अवधि पूरा गरेको, तहवृद्धि हुने तहभन्दा एक तहमुनिको (ऐनले तोकेको) शैक्षिक योग्यता भएको र पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्यांकनमा कम्तिमा पन्चानब्बे प्रतिशत औषत अंक प्राप्त गरेको हुनुपर्नेछ।
- गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३३ बमोजिम तहवृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ।

उपसचिव

गण्डकी प्रदेश सरकार
# भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
पोखरा, नेपाल

मिति:२०८२/०३/२५

सूचना नं.: ०२/०८१/८२

- गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ को दफा २८ उपदफा(२) को व्यवस्था अनुसार कर्मचारी समायोजन ऐन,२०७५ बमोजिम सहायकस्तर चौथो तहमा समायोजन भई सेवा अवधि पाँच वर्ष पूरा भएका कर्मचारीको हकमा सोही बमोजिम हुनेछ।
- सेवा अवधि गणना गर्दा समायोजन हुनुपूर्वको समान तह वा श्रेणीको पदमा स्थायी नियुक्ति भई कार्य गरेको अवधि समेतलाई गणना गरिनेछ।

**इच्छुक कर्मचारीले आवेदनका साथ खुलाउनु पर्ने तथा संलग्न गर्नुपर्ने अन्य कागजातहरुको विवरण:**

- सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलेको आवेदन फाराम-२ प्रति।
- शुरु नियुक्ति पत्रको प्रमाणित प्रतिलिपी-२ प्रति।
- तहवृद्धि हुने पद भन्दा एक तह मुनिको पद वा श्रेणीमा भएको स्थायी नियुक्ति वा स्तरवृद्धिको प्रमाणित प्रतिलिपी -२ प्रति।
- कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम गण्डकी प्रदेशमा समायोजन भएको पत्रको प्रमाणित प्रतिलिपी र पदस्थापनाको प्रमाणित प्रतिलिपी-२/२ प्रति।
- पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्यांकन फारम।
- कर्मचारीको वैयक्तिक विवरण (PIS)।
- गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ मा तोकिएबमोजिमको न्यूनतम शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी।

उपसचिव